कावासोती नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कावासोती, नवलपरासी (वर्दघाट-सुस्तापूर्व)
गण्डकी प्रदेश, नेपाल

## धानको बिउ खरिद सम्बन्धी बोलपत्र आव्हान गरिएको सूचना

प्रथम पटक प्रकासित मितिः२०७८/१२/०१

१ यस कार्यालयबाट कृषकहरुलाई ५० प्रतिशत अनुदानमा धानको विउ वितरण गर्न वोलपत्रद्वारा खरिद गर्नु परेकोले सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालय समय भित्र दरभाउपत्र फारम दस्तुर रु.३०००।- (अक्षरेपी रु. तिन हजार मात्र (पछि फिर्ता नहुने गरी कावासोती न.पा को राष्ट्रिय वाणिज्य वैंक कावासोती शाखाको राजश्व खाता नं. ३२००१००३०१०१०००३ मा जम्मा गरी सक्कल भौचर पेश गर्नू पर्ने) वा राजश्व शाखामा राजश्व तिरी चालु आ.व.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, व्यवसाय प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र समेतको नोटरी पब्लिकवाट प्रमाणित प्रतिलिपी संलग्न गरी दरभाउपत्र फाराम खरिद गर्न इच्छुक व्यक्ति वा फर्म समक्ष यो सूचना प्रकाशित गरिएको छ। वोलपत्र फाराम कावासोती नगर कार्यपालिकाको कार्यालय,कावासोतीमा निवेदन पेश गरी खरिद गर्न सकिनेछ।

२ वोलपत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्कै नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको दरभाउपत्र मान्य हुने छैन।

३ प्रथम पटक प्रकाशित सूचनाको ३१ औ दिनको १२:०० वजे भित्र आफैंले खरिद गरेको वोलपत्र रीतपूर्वक भरी सिलवन्दी गरी यस कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ। दर्ता भएका वोलपत्रपत्रहरु सोही दिनको २:०० वजे वोलपत्र दाता वा निजको प्रतिनिधिको रोवहरमा यस कार्यालयमा खोलिनेछन्। वोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा पर्नेछैन। वोलपत्र विक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

४. वोलपत्र दर्ता गर्दा तपसिल अनुसारको जमानत वापतको रकम कावासोती नगरपालिकाको कार्यालय, कावासोतीको राष्ट्रिय वाणिज्य वैंक कावासोती शाखाको धरौटी खाता नं. ३२००१००३०३००००३ मा जम्मा गरेको सक्कलै भौचर वा 'क' वर्गको वैंकवाट जारी भएको र वोलपत्र खुल्ने मितिवाट १५० दिन म्याद भएको वैंक ग्यारेन्टी (Bid Bond दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ। विदेशी वैंकको Bank Guarantee भएमा नेपाली वैंकवाट Endorse भएको हुनु पर्नेछ। स्वीकृत दरभाउपत्र दाताले कार्यालयले तोके अनुसारको कार्यालयको नामको परफरमेन्स वण्ड संझौता गर्नु अगावै पेश गर्नु पर्नेछ। नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिवर्तन गर्न पाइने छैन।

५. विउविजन नियमावली २०६९ अनुसार बीउ विजन व्यवसायी अनुमती पत्र प्रास गरेको इच्छुक बिक्रेताधान विउ उत्पादक फ/र्म कम्पनीले मात्र/सहकारी/समूह/दरभाउपत्र पेश गर्न सक्नेछन्।

६. वोलपत्र को साथमा धान उत्पादनको स्रोत र गुणस्तरको प्रतिबद्धता पत्र समेत पेश गर्नुपर्नेछ।

७. बिक्रि वितरण गरिने धान बिउको तौल १००० दानाको तौल २५ देखि ५० ग्राम हुनु पर्नेछ।

८. नेपाल सरकार राष्ट्रिय बिउविजन समितिबाट सिफारिस वा पंजिकृत उन्नत धानका जातहरु मात्र हुनुपर्नेछ।

९. आपूर्तिकर्ताले कृषकहरुको माग बमोजिम कार्यालयले सिफारिस गरे अनुसार आवश्यक धानबिउ जात अनुसार उपलब्ध गराउनु पर्नेछकृषकको माग नभएमा सम्पूर्ण बीउ खरिद , गर्न कार्यालय बाध्य हुनेछैन।

१०. स्वीकृत कार्यक्रम वा बजेटमा थपघट वा संसोधन भई आएमा सोही बमोजिम हुनेछ।

११. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार दरभाउपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफनो स्वार्थ नवाझिएको र व्यवसाय संवन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

१२. एक आपसमा मिलेमतो गरी वोलपत्र दाखिला गरेको पाइएमा त्यस्ता दरभाउपत्र स्विकृत गरीने छैन।

१३. वोलपत्र फारममा रकम उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ।

१४. वोलपत्रको प्रत्येक पानामा वोलपत्र दाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ। साथै वोलपत्र दाताले पेश गर्ने संपूर्ण प्रमाणपत्रहरु नविकरण भएको हुनुपर्ने छ।

१५. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३(संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानून अनुसार हुनेछ। विस्तृत जानकारीको लागी कावासोती नगरपालिकाको कार्यालय, कावासोतीमा सार्वजानिक खरिद शाखा/ कृषी तथा पशुपंछी विकास शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

तपसिल

| सि.नं | सूचना नं | विवरण | परिमाण | ला.अ. रकम रु | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | 06/KM/078/079goods | धानको विउ खरिद | करिव ५०६३८ के.जी. | ३५,९९,९९०/५ | १,०८,०००/- | |

राकेश [illegible]
प्रमुख प्रशासकीय अधिकृत